**हेटौंडा उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**आर्थिक विकास (कृषि विकास) शाखा**
**साना सिंचाई निर्माण मर्मत र प्लाष्टिक पोखरी कार्यक्रम सम्बन्धि सूचना**
**(दोश्रो पटक सूचना प्रकाशित मिति : २०७५/१२/०५ गते)**

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.ब. २०७५/७६ को वार्षिक स्वीकृत कार्यक्रम (कार्यक्रम शीर्षक नं. १२३) अनुसार उपमहानगरपालिका क्षेत्र भित्रका कृषक समूहहरु, कृषि सहकारी संस्थाहरु (जल उपभोक्ता संस्थाहरु) ले २०७५ चैत्र १९ गते कार्यालय समय भित्र हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन प्रस्ताव दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. निवेदन फाराम रु १००।- (फिर्ता नहुने गरी) तिरी हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा बाट नगद वा भौचर दाखिला गरी प्राप्त गर्न सकिने छ ।

२. सिंचाई निर्माण मर्मत सामुहिक योजना ( कृषक समुहहरु, सहकारी संस्थाहरु, तथा जल उपभोक्ता संस्थाको लागि मात्र हुनु पर्नेछ । प्लाष्टिक पोखरी निर्माण योजना व्यक्तिगत कृषक तथा कृषक समुहहरु, सहकारी संस्थाहरु तथा जल उपभोक्ता संस्थाहरुले समेत संचालन गर्नको लागि निवेदन दर्ता गर्न सकिनेछ ।

३. निवेदन साथ निम्न कागजातहरु संलग्न भएको हुनु पर्नेछ ।

**सिंचाई निर्माण / मर्मतको लागि**

क) कृषक समूह/सहकारी संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी (नविकरण अवधि ननाघेको हुनुपर्ने)।
ख) सिंचाई योजना विस्तृत विवरण (प्रस्तावना) ।
ग) योजना संचालन सम्वन्धि समुह सहकारी संस्थाको बैठकको निर्णयको प्रतिलिपि ।
घ) सम्पुर्ण उपभोत्ता सदस्यहरुको नागरीकता प्रमाण पत्रको प्रतिलिपी ।
ङ) वडा कार्यालयको सिफरीस पत्र ।

**प्लाष्टिक पोखरी निर्माणको लागि**

क) कृषक, कृषक समुहहरु, सहकारी संस्थाहरु तथा जल उपभोक्ता संस्थाहरुको निबेदन ।

४. योजना स्वीकृत भएमा उपभोक्ता आफैले निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ, ठेक्का संचालन गर्न पाईने छैन ।

५. छनौट भएको आयोजना सम्पन्न गर्नको लगि कार्यपालिकाको बैठकले निर्णय गरेको रकम भन्दा बढी अनुदान उपलब्ध गराइने छैन ।

६) आयोजनाको कूल लागतको घटिमा १५% रकम कृषक समुह/ सहकारी/ उपभोक्ता संस्था आफैले व्यहोर्नु पर्नेछ ।

७. आयोजना छनौट भएमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय र सम्बन्धित समूह /सहकारी /संस्था बीच हुने सम्झौता अनुसार तोकिएको समयावधि भित्र कार्य सम्पन्न गर्नु पर्नेछ ।

८ अनुदान कार्यक्रममा छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय मा रहने छ ।

९. रित नपुगेको र म्याद नाघि प्राप्त भएको निवेदन उपर कुनै कारवाही गरिने छैन ।

११. निवेदन फाराम प्राप्त गर्न तथा अन्य कुराहरु बुझ्नु परेमा हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा सम्पर्क गर्नु होला ।

१२. कार्यक्रम संचालन गर्दा पेश्की रकम उपलब्ध गराईने छैन ।

**हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा,**
**हेटौंडा फोन ०५७- ५२०३७७ मो. ९८५५०६८३९३**